मितिः २०७८/०१/३१ (14th May, 2021)

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## सामाजिक संजालहरु ( Social Media) जस्तै Facebook, Twitter, LinkedIn आदि प्रयोग गर्दा कसरी सुरक्षित रहने ?

सामाजिक संजाल (Social Media) को सुरक्षित साथ उपयोग गर्न निम्न उपायहरु अपनाऔं।

१. छुट्टाछुट्टै सामाजिक संजाल (जस्तैः Facebook, Twitter ) को आफ्नो खाता (Account) का लागि छुट्टाछुट्टै तथा बलियो पासवर्ड राखौं।

२. सामाजिक संजालको आफ्नो डिजिटल खाता (Digital Account) लाई सुरक्षित राख्न Multi-Factor Authentication (जस्तै Two Factor Authentication, Mobile Number, OTP, Fingerprint इत्यादी) को प्रयोग गरौ |

३. सामाजिक संजालको आफ्नो खाता Recovery को लागि Recovery Email तथा Mobile Number को प्रयोग गरौ |

४. सकेसम्म सामाजिक संजालको प्रयोग गर्दा आफ्नो उपकरण (मोबाइल, ल्यापटप, कम्प्युटर, ट्याबलेट) को प्रयोग गरौ | आफ्नो व्यक्तिगत डिभाइसहरु (ल्यापटप, मोबाइल आदी) लाई पासवर्ड, Pattern वा Finger Print (Biometric) वाट Lock गरौ |

५. सामाजिक संजालको प्रयोग गरिने उपकरण (मोबाइल, ट्याबलेट) हराउँदा सामाजिक संजालको खाताको पासवर्ड तुरुन्तै परिवर्तन गरौ |

६. प्रत्येक सामाजिक संजालमा Privacy Setting को Feature हुने भएकोले त्यसको प्रयोग गरी कुन कुन विवरणहरु सार्वजनिक गर्ने/ नगर्ने Customize/Configure गरौ | जस्तैः Facebook मा आफ्नो email तथा phone number देखाउने वा लुकाउने |

७. सकेसम्म आफ्नो व्यक्तिगत विवरण जस्तैः Home Address, Phone Number इत्यादी सामाजिक संजालमा नराखौ |

८. सामाजिक संजालमा आफ्ना व्यक्तिगत संवेदनशील फोटो, User Name and Password, बैंकको क्रेडिट कार्ड नम्बर, पिन कोड, नागरिकता नम्बर लगायतका Personally Identifiable Information (PII) हरु Share नगरौ |

९. कुनै पनि सन्देश, फोटो पोष्ट गर्दा सचेत रहे । (जस्तैः आफू कहाँ जाँदैछु , के गर्दैछु, कोसंग छु जस्ता विवरणको अरुले गलत फाईदा लिन सक्छन् |)

१०. फोटो पोष्ट गर्न कसैले दबाब दिन्छ भने अस्वीकार गर्ने | आवश्यक परेको खण्डमा सामाजिक सञ्जालमा भएका नराम्रा साथीहरु (असहज क्रियाकलापहरु देखाउने) लाई ब्लक वा साथिको सुचीबाट हटाऊँ |

११. सकेसम्म अपरिचित व्यक्तिको Friend Request Accept नगरौ | गर्नै परे उक्त व्यक्तिले गरेको पोस्ट, व्यक्तिले राखेको विवरणलाई राम्ररी विचार गरी पहिचान गरी मात्र सामाजिक संजालमा Friend Request Accept गरौ |

१२. सामाजिक संजालमा साथीहरुले share गरेको लिंक तथा Attachment लाई सहि पहिचान गरेर मात्र Click/Open गरौ | उक्त लिंक तथा Attachment शंकास्पद लागेमा नखोलौ |

१३. सामाजिक संजाल मार्फत प्राप्त हुने पुरस्कार(Prize), उपहार (Gift), चिट्ठा (Lottery) लगायत बिभिन्न प्रलोभन देखाएर पठाईएको वा डर धम्की दिई पठाईएको संदेश, फोनकल लगायतलाई Reply/Response नगरौं |

१४. सामाजिक सञ्जालको प्रयोग गर्दा यौन दुर्व्यवहारसँग सम्बन्धित केही असहज गतिविधिको महसुस गरेको खण्डमा अथवा घटना घटेको खण्डमा प्रमाण संकलन गरी प्रहरीमा उजुरी गरौं।


**Nepal Telecommunications Authority (NTA)**

**Cyber Security Task Force (NTACERT)**

**National Theatre Building, Jamal**

**Kathmandu, Nepal**

**Email: cert@nta.gov.np, Website: www.nta.gov.np**